सात

# नेपाली हास्य टेलिशृङ्खला : लोकप्रिय छन्, जिम्मेवार छैनन्

दीपक रौनियार

कुरा २०६५ जेठ १० गते शनिबार बिहानको हो। नेपाली टेलिभिजनमा हास्य कलाबारे कुराकानी गर्न म कलाकार सन्तोष पन्तको काठमाडौं, धापासीस्थित घरमा पुग्दा उनी अमलेखगञ्ज जाने तयारीमा थिए। "समावेशीकरणबारे एउटा टिभी सिरियल बनाउन लागेको छु। त्यसैको छायाङ्कनका लागि जान लागेको।" तीन वर्षदेखि नेपाली टेलिभिजनबाट हराइरहेका कलाकार पन्तले फुर्तिलो हाउभाउसहित आफू अमलेखगञ्ज जानु पर्नाको कारण सविस्तार सुनाए, "आर्मीका अफिसरहरू जुनियरसँग सँगै बसेर खाना खाँदैनन् भन्छन्। तर सब गलत भन्छन्। अफिसरहरू हरेक शुक्रबार त सबैसँग एकै साथ बसेर खाना खान्छन् नि। मैले यो सिरियलमा दलितले पकाएको खाना ठूलो जातका अफिसरले मीठो मानेर खाएको देखाउन लागेको छु।" मैले खासै जिज्ञासा राख्नै परेन। सबै कुरा उनले नै प्रस्टचाए। नेपाली सेनाको टेलिभिजन कार्यक्रम *माटोले मार्दैन आफैँले दिनु पर्छ*को लागि रहेछ उनको त्यो टेलिशृङ्खला।

नेपाली सेनामा समावेशी चरित्र देखाउनका लागि बनाउन लागेको टेलिशृङ्खलामा उनले भने अमलेखगञ्जतिरको धनीराम यादवको भूमिका गर्दै रहेछन्। यादवकी

श्रीमती र छर छिमेकमा परिवारको व्यवस्था पनि यतै काठमाडौँमै भएको हुँदो हो। तर त्योभन्दा उदेक लाग्दो कुरा अझै अर्कै थियो। उनले उक्त सिरियलमा ठकुरी थरका आर्मी अफिसरले दलितले पकाएको खाएको देखाउनका लागि एउटा दृश्य लेखेका रहेछन् जसमा खाना खाइरहेका अफिसरले भान्सेलाई "ए नेपाली मलाई अचार ले त ?" भन्नेछन्। भान्से सिपाहीले अचार ल्याइदिने छन्। अफिसरलाई त्यो अचार मन पर्नेछ। अनि उनले सोध्नेछन्, "यो अचार कसले बनाएको हो ? मीठो छ त।" अनि भान्से सिपाहीले भन्नेछन्, "विश्वकर्माले साप।" यसरी एउटा दलितले ल्याइदिएको र अर्को दलितले बनाएको अचार ठकुरी अफिसरले खानेछन्।

अभिनेता सन्तोष पन्तको 'समावेशी सोच' देखेर मलाई साँच्चै उदेक लाग्यो। उनले समावेशी देखाउनको लागि सिर्जना गरेका दृश्यहरू आफैँ असमावेशीको जगमा उभिएका थिए। ती संवादले स्पष्ट रूपमा दलितलाई झनै होच्याइरहेका थिए। उनी थप्दै थिए, "नेपाली सेनामा मधेसी उपस्थिति न्यून हुनुको कारण पनि म यस टेलिशृङ्खलाबाट प्रस्टचाउने छु। धनीराम यादवको चरित्रले भन्ने छ कसरी मधेसीहरू सेनाको तालिम छोडेर बीचमै भाग्छन्।"[१]

यस लेखमा नेपाली हास्य टेलिशृङ्खलालाई तिनको प्रस्तुतिका आधारमा लेखाजोखा गरिएको छ। लेखको सुरुमा नेपाली हास्य कलाको पृष्ठभूमि केलाइएको छ। हास्य कलाबारे नेपाली परम्परा के कसरी सुरु भयो र कस्तो यात्रा गरी नेपाली हास्य कला आजको अवस्थामा आएको भन्नेबारे एकसरो झलक यहाँ छ। त्यसपछि नेपाली हास्य टेलिशृङ्खला र तिनमा विद्यमान हास्यको स्तरलाई लेखाजोखा गरिएको छ। पहिला टेलिशृङ्खलाको लोकप्रियताको बयान गरिएको छ। त्यसपछि नेपाली टेलिशृङ्खलाको स्तरलाई मूल्याङ्कन गर्दै सस्तो लोकप्रियतातर्फ यी शृङ्खला लागेका छन् भन्ने तर्क गरिएको छ। समाजका डाक्टर मानिने कलाकारले हँसाउने नाममा झन् विकृति सिर्जना गरिरहेका छन् भन्ने व्याख्या त्यसपछि गरिएको छ। नेपाली हास्य टेलिशृङ्खला लोकप्रिय भएकाले यिनले सामाजिक सुधारका लागि ठूलो योगदान गर्न सक्छन् र अब त्यसतर्फ लाग्नुपर्छ भन्ने आग्रहसहित अन्तमा निष्कर्ष राखिएको छ।

## नेपालमा हास्य कला

नेपालमा टेलिभिजनको इतिहास धेरै पुरानो छैन। तर हास्य कलाको इतिहास भने नेपालमै बनेको पहिलो नेपाली चलचित्र *आमा*भन्दा पनि पुरानो छ। सिने मासिक

---

[१] सन्तोष पन्तसँग २०६५ जेठ १० मा गरिएको कुराकानी।

*कामना*मा नाटक *मुकुन्द इन्दिरा*बाट नेपाली हास्य कलाको सुरुआत भएको मान्दै एक लेख लेखिएको छ (स्मृत र गिरी २०५२)। *मुकुन्द इन्दिरा*को मञ्चन वि.सं. १९९५ मा दरबार हाइस्कुलमा भएको थियो। सिने मासिक *कामना*का अनुसार *मुकुन्द इन्दिरा*मा हास्य कलाकार प्रेमबहादुर तण्डुकारले नोकर पुनचा बनेर अभिनय गरेका थिए। *कामना*ले कलाकार तण्डुकारलाई नै पहिलो नेपाली हास्य कलाकार मानेको छ। तर नाट्यकर्मी प्रचण्ड मल्लको तर्क भने अलि भिन्न छ। मल्लका अनुसार काठमाडौँ उपत्यकामा हास्य कलाले मल्लकालमै जरो फैलाइसकेको थियो। उनी भन्छन्, “राजा प्रताप मल्लभन्दा पनि पुरानो छ हास्य कलाको इतिहास। उति बेला राजाहरू नै नाटक लेख्थे र अभिनय समेत गर्थे।”[२] नाट्यकर्मी मल्लले तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित पुस्तक *नेपाली रङ्गमञ्च*मा समेत हास्य नाटकको चर्चा गरेका छन्। उनी लेख्छन्, “जयरुद्र मल्लको शासनपछि हरिसिंह देव भारत मिथिलाबाट आई नेपाली संवत् ४४६ तिर भक्तपुरमा आफ्नो आधिपत्य कायम गरी बसे। यिनको दरबारमा *धूर्त समागम* हास्य नाटक लेखिएको थियो। यो नाटक दुई अङ्कमा लेखिएको छ” (मल्ल २०३७ : ३०)। मल्लले अन्तर्वार्ताको क्रममा नेपाल संवत् ७७७ मा पाटनको राजा भइसकेपछि राजा श्रीनिवास मल्लले समेत हास्य नाटक प्रस्तुत गरेको तथ्य फेला परेको बताए। नेपाल भाषाको उक्त नाटकमा राजा श्रीनिवासको परिवारले समेत अभिनय गरेको उनको ठहर छ। हास्य कलाको रूपमा गाइजात्राको सुरुआत पनि मल्लकालमै भएको हो। नेपाली हास्य कलाको इतिहास निकै पुरानो त हो तर उति बेलाको हास्य कला व्यवसायको रूपमा भने पक्कै थिएन।

वि.सं. २०१० को दशकपछि हास्य कलाकारहरू जोडी बनाएर अभिनय गर्न थालेको पाइन्छ। अहिलेका कलाकार द्वय मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यको मह जोडी जस्तो उति बेला केशव मानन्धर र गुप्तसेन, मेजर भीमबहादुर थापा र हेमजङ्ग पाँडे, राजपाल थापा र ध्रुव हाडा लोकप्रिय जोडी थिए (स्मृत र गिरी २०५२)। स्टेजबाट सुरु भएको नेपाली हास्य कला नेपाली चलचित्रको निर्माणपछि झन् मौलाउन थालेको थियो। पहिलो नेपाली चलचित्र *आमा*बाटै चलचित्रमा कम्तीमा एक जना हास्य कलाकारलाई अभिनय गराउने प्रचलन देखिन्छ। प्रकाश थापा निर्देशित *सिन्दुर*बाट गोपालराज मैनाली र बसुन्धरा भुसालको जोडीले क्रमशः चङ्खे र नक्कलीको रूपमा बनाएको परिचय अझै धेरैका मनमा ताजै छ। साम्दे शेर्पा, मनोज गजुरेल, राजाराम पौडेल, खेम शर्मा, नारद

---

[२] मल्लसँग २०६५ साउन १८ मा गरिएको कुराकानी।

खतिवडा, नारायण त्रिपाठी, आदि थुप्रैले हास्य कलाकारितामा नाम कमाएका छन् । दीपकराज गिरी, दीपाश्री निरौला, शिवहरि पौडेल, किरण केसी, जितु नेपाल, दमन रूपाखेती, प्रभाकर शर्मा, गोपाल नेपालजस्ता दर्जनौँ कलाकारहरू त अहिले पनि टेलिभिजन कार्यक्रम, विज्ञापन र स्टेज सबैतिर लोकप्रिय छन् ।

## हास्य टेलिशृङ्खलाको लोकप्रियता

अभिनेता सन्तोष पन्त नै नेपाली टेलिभिजन इतिहासमा हास्य टेलिशृङ्खलाका लागि अहिलेसम्मका सबैभन्दा सफल अभिनेता, लेखक र निर्देशक मानिन्छन् । नेपाली टेलिभिजनमा हास्य टेलिशृङ्खलाको इतिहास पनि उनैबाट सुरु भएको पाइन्छ । लय सङ्ग्रौला भन्छन्, "सन्तोष पन्त सानो पर्दाका अटल तारा हुन् ।"[३]

२०४२ साउन २९ गते नेपाल टेलिभिजनको परीक्षण प्रसारणकै क्रममा, पहिलो हास्य टेलिशृङ्खलाको प्रसारण भएको थियो । उज्ज्वल घिमिरेद्वारा निर्देशित *यस्तै हुन्छ* शृङ्खलामा अभिनेता पन्तको मुख्य भूमिका थियो । २०४३ सालमा *नरिसाउनुस् है* नामक टेलिशृङ्खलाको २२ भागमै ५८ ओटा फरकफरक चरित्रको भूमिका निभाएर उनले कीर्तिमान राखेका थिए । त्यसयता २०६२ फागुनमा लोकप्रिय हास्य टेलिशृङ्खला *हिजो आजका कुरा* बन्द नहुँदासम्म पन्तको टेलिभिजन हास्यमा २० वर्षसम्म एकलौटी राज रह्यो । *हिजो आजका कुरा* कीर्तिमानी ५६५ भागसम्म चलेको मात्र थिएन, दर्शक सर्वेक्षणमा नेपाली टेलिभिजनका कार्यक्रममध्ये दर्शकले अत्यधिक रुचाएको कार्यक्रम (समाचारबाहेक) को स्थान पाउन सफल पनि रह्यो ।[४]


२०५९ सालमा अस्मिता महिला प्रकाशन गृह, सञ्चार तथा स्रोत संस्थाले गरेको एक सर्वेक्षणपछि प्रकाशित प्रतिवेदनमा लेखिएको छ, "नेपाल टेलिभिजनबाट प्रसारित हुने सन्तोष पन्तद्वारा निर्देशित र अभिनित साप्ताहिक कार्यक्रम *हिजो आजका कुरा* महिला दर्शकहरूबीच अत्यन्त लोकप्रिय रहेको पाइयो" (अस्मिता २०५९ : ४५) । २०६२ फागुनबाट भने *हिजो आजको कुरा* नेपाल टेलिभिजनबाट विस्थापित भयो । तर त्यसपछि पनि दर्शकको छनोटको आधारमा अग्रस्थान हासिल गर्न आइपुग्ने कार्यक्रममा समाचारपछि हास्य शृङ्खला नै रहेको छ ।

---

[३] सङ्ग्रौलाले २०६५ साउन २ मा मार्टिन चौतारी र सामाजिक संवादका लागि सहकार्य (एएसडी) द्वारा आयोजित अन्तर्क्रिया कार्यक्रम 'नेपाली टेलिभिजन : विचार र विश्लेषण' मा व्यक्त गरेको भनाइ । यसै पुस्तकमा सङ्ग्रौलाको लेख पनि हेर्नुहोस् ।

[४] नेपाल टेलिभिजनका पदाधिकारीहरू दीपा गौतम, लय सङ्ग्रौला र कलाकार सन्तोष पन्तसँगको कुराकानी ।

**चित्र ७.१ : दर्शकको रुचिका टेलिभिजन कार्यक्रम (समाचार बाहेक)।**




स्रोत : एसी नेल्सन सन् २००८।

२०६४ भदौदेखि असोजसम्म गरिएको एक सर्वेक्षणमा सबैभन्दा बढी हेरिने समाचार बाहेकका नेपाली टेलिभिजन कार्यक्रमहरूमध्ये प्रमुख १० कार्यक्रमहरूमा चार ओटा हास्य टेलिशृङ्खला नै परेका छन् (हेर्नुहोस् चित्र ७.१)। नेपाल टेलिभिजनका *मेरी बास्सै, तितो सत्य* र *जिरे खुर्सानी,* र कान्तिपुर टेलिभिजनका *मदनबहादुर हरिबहादुर* क्रमश: धेरै हेरिने टेलिभिजन कार्यक्रमहरूमा परेका थिए (एसी नेल्सन सन् २००८)। यसरी हेर्दा नेपाली टेलिभिजनमा हास्य टेलिशृङ्खला सधैँ नै लोकप्रिय रहँदै आएको देखिन्छ। नेपाल टेलिभिजनमै पनि सन्तोष पन्तबाहेक नियमित रूपमा टेलिशृङ्खला लिएर आएका मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यको मह जोडी निकै सफल रहँदै आएको छ अझै पनि। महद्वारा लिखित, निर्देशित र अभिनित *१५ गते, कान्तिपुर, लालपुर्जा, फिफ्टीफिफ्टी, भकुण्डे भूत, २१६७७७, यमलोक, लक्ष्मी* जस्ता पुराना टेलिशृङ्खलादेखि पछिल्लो *मदनबहादुर हरिबहादुर*सम्मका शृङ्खलाहरू दर्शकले निकै रुचाएका थिए। यस बाहेक दिनेश

डिसीको *ट्वाक्क टुक्क,* सुनिल पोखरेलको *चतुरेको दाउपेच,* लोचन श्रेष्ठको *हत्तेरिका,* मोहन मिश्रको *मिस्टर फन्टुस* आदि लोकप्रिय हास्य शृङ्खलाहरू हुन् ।

केही वर्षयता, विशेष गरेर राजदरबार हत्याकाण्डपछि, नेपाली चलचित्रको व्यापार सेलाएको पाइन्छ । नियमित जस्तो हुन थालेको बन्द, हडताल, कर्फ्यूका साथै बढ्दै गएको हत्या हिंसाका घटनाले दर्शकहरू सिनेमाघरसम्म जान पनि असुरक्षित महसुस गर्न थाले । यसै समयमा नेपालमा निजी क्षेत्रले पनि टेलिभिजन प्रसारणमा प्रवेश गरे र टेलिभिजन च्यानलहरूको सङ्ख्या बढ्यो । त्यसपछि धेरै निर्देशक र कलाकारहरू टेलिभिजनतिर तानिए । अनि नेपाल टेलिभिजनमा सन्तोष पन्तको एकछत्र राजलाई अभिनेता दीपकराज गिरी निर्देशित हास्य टेलिशृङ्खला *तितो सत्य*ले तोड्न सफल भयो । त्यसपछि त नेपाली टेलिभिजनमा हास्य टेलिशृङ्खलाको बाढी नै आयो भन्दा हुन्छ । प्राय: टेलिभिजन (समाचार च्यानलबाहेक) को प्राइम टाइम यसैले लिइरहेको अवस्था छ । विशेष गरेर नेपाल टेलिभिजन र कान्तिपुर टेलिभिजनमा यस्ता शृङ्खलाको निर्माण उल्लेख्य सङ्ख्यामा भइरहेको छ । *मेरी बास्सै, तितो सत्य, जिरे खुर्सानी* र *भ्याइँकुटी भ्याइँ* नेपाल टेलिभिजनबाट प्रसारित हास्य टेलिशृङ्खला हुन् भने *घरभेटी बा, लगन जुर्ला जस्तो छ* र *क्याफे कान्तिपुर* कान्तिपुर टेलिभिजनका । ईमेज च्यानलबाट प्रसारणमा रहेको नेपाल भाषाको हास्य टेलिशृङ्खला *ख्वताबजी*ले पनि निकै लोकप्रियता कमाएको छ । टेलिभिजन विज्ञापनमा समेत हास्य कलाकारहरूले नै प्रमुख स्थान लिइरहेका छन् । मानिसहरूका मुख मुखमा टेलिशृङ्खलाका थेगोहरू झुण्डिएका छन् । सिरियलहरूका नामले रेस्टुरेण्टहरू समेत खुलेका छन् । उता तातोपानीदेखि मुक्तिनाथसम्म त मुन्द्रे यातायात नै चल्न थालेको छ । *जिरे खुर्सानी*मा भएको मुन्द्रे पात्रको प्रभाव हो मुन्द्रे यातायातको सञ्चालन ।

हामी कहाँ भर्खरै लोकप्रियता कमाइरहेको विधा एनिमेसनमा समेत हास्य कलाकारहरूलाई नै उतारिएको छ । मदनकृष्ण र हरिवंशकै अनुहार र बोली एनिमेसनबाट बनाइएका चरित्रहरूमा पनि प्रयोग गरिँदैछ । हास्य कलाको इतिहास नाटच शास्त्रले 'हास्य' लाई मानिसले अनुभव गर्ने प्रमुख नौ संवेदना (रस) मध्ये एक मानेको छ । चलचित्र निर्माणका विधाहरूमा हास्य व्यापारका लागि निकै सुरक्षित विधाका रूपमा मानिँदै आएको छ । मान्छे हाँस्न सक्ने प्राणी हो र सबै मानिसलाई हाँस्न मन पर्छ । हाँसो प्रशन्नताको प्रतीक पनि हो । बीबीसी वर्ल्ड सर्भिस ट्रस्ट, नेपाल अफिसकी नाटच विभाग प्रमुख फियोना लेजर भन्छिन्, "कमेडीबिना म बाँच्न सक्ने कल्पना नै गर्न सक्दिनँ ।"[५] अर्का विद्वान

---

५ लेजरसँग २०६५ जेठ १४ मा गरिएको कुराकानी ।

सेल्डम लियोनार्दका अनुसार मानिसका लागि गाँस र बास जत्तिकै महत्त्वपूर्ण छ हाँसो पनि (सक्सेना सन् १९९६ : ११९) ।

## टेलिभिजनमा हास्यको स्तर

नेपाली सन्दर्भमा हास्य कला विधा निकै लोकप्रिय छ र स्वभावतः यसको प्रभाव पनि नेपाली समाजमा अत्यधिक छ । सञ्चारकर्मी रोजी कट्टेलको यस्तै एउटा अनुभव रहेछ जसले नेपाली हास्य टेलिशृङ्खलाको सामाजिक प्रभाव झल्काउँछ । २०६४ सालमा उनी अछाम गएकी थिइन् । त्यो बेग्लै भाषिका बोलिने ठाउँ हो भनेर भाषा वैज्ञानिकहरूले उनलाई भनेका थिए । तसर्थ त्यहाँ काठमाडौँको जस्तो नेपाली बोल्न सक्छन् भन्ने उनलाई लागेको थिएन । तर त्यहाँका महिलाहरूले उनले बोलेझैँ नेपाली बोले । सोधिन्, "कसरी सिक्नु भो यस्तो भाषा बोल्न ?" उनीहरूको एउटै उत्तर थियो, "हास्य टेलिशृङ्खलाहरू हेरेर ।"[६]

हामीकहाँ वर्षौंसम्म हिन्दी शृङ्खलाहरूको दबदबा थियो । तर अहिले हास्य टेलिशृङ्खलाहरूले हिन्दी शृङ्खलालाई केही हदसम्म विस्थापित गर्न सफल भएका छन् । एसी नेल्सनले गरेको सर्वेक्षणले समेत यसलाई पुष्टि गरेको छ (एसी नेल्सन सन् २००८) । अस्मिताको सर्वेक्षणको क्रममा समेत महिलाहरूले आफू भात खाँदाखाँदै हास्य कार्यक्रमहरू हेर्न टिभी नजिक आउने गरेको बताएका थिए (अस्मिता २०५९ : ४५) । हाम्रो समाजका समसामयिक विषयवस्तु उठाएर हास्य कार्यक्रम बनाइने भएकाले बढी मन परेको उनीहरूको भनाइ थियो । वास्तवमै नेपाली हास्य टेलिशृङ्खलाको लोकप्रियताको प्रमुख कारण तिनमा भएको सामयिकता नै हो । देश सङ्क्रमणकालीन अवस्थाबाट गुज्रिरहेको छ । राजनीतिक दलका नेताको व्यवहार र राजनीतिक परिस्थिति दिक्दार लाग्दो छ । जसले जे गरे पनि हुने स्थितिले जनता निरीह बनेका छन् । बन्द, हड्ताल, हत्या, अपहरण दिनचर्या जस्तो भइसकेको छ । हास्य टेलिशृङ्खलाहरूले यस्ता स्थितिलाई व्यङ्ग्य कस्ने भएकाले दर्शकलाई आफ्नै समस्या उठाइदिएजस्तो, आफूले बोल्न नसकेको कुरा बोलिदिएजस्तो लाग्छ र यस्ता कार्यक्रम उनीहरूलाई मन पर्छ । हास्य कलाकारले गरेको गाली सुनेर दर्शक आफ्नो धित मार्छन् । तर हास्य टेलिशृङ्खलाहरूको यही विशेषता नै घातक पनि भइरहेको छ । अधिकांश प्रस्तुति गालीभन्दा माथि उठ्न सकिरहेका छैनन् । यी कार्यक्रममार्फत अपरिपक्व

---

[६] कट्टेलसँग २०६५ असार २७ मा गरिएको कुराकानी ।

टिप्पणी मात्रै हुन सकेको छ । "मलाई धेरैजसो टेलिभिजनको हास्य टेलिशृङ्खलाहरू हेर्न मनै लाग्दैन", पवनकलीका नामले परिचित हास्य कलाकार लुनिभा तुलाधर भन्छिन्, "नेपाली कमेडीको स्तर अत्यन्त छिचरो छ ।"[७] टेलिभिजन हास्यको स्तर पुराना कलाकारद्वय मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यलाई समेत चित्त बुझ्दो छैन । एउटा प्रसङ्गमा महले हास्यको सस्तोपनाप्रति चिन्ता नै व्यक्त गरे । उनीहरूका अनुसार, "आफ्नो क्षेत्र भएकाले कसैलाई केही त भन्न मिल्दैन तर यसरी नै सिरियलको बाढी आउने हो भने मान्छेले गम्भीर हुन र जिम्मेवार हुन बिर्सलान् कि भन्ने डर छ" (घिमिरे २०६५ : ४९ मा उद्धृत) ।

*तितो सत्य, जिरे खुर्सानी, मेरी बास्सै*जस्ता चलेका शृङ्खलाका चरित्रहरूले प्रयोग गरिरहेको 'का बेमान', 'मुखमा हान्नु जस्तो', 'ए राता मकै', 'म त मर्छु कि क्या हो' जस्ता थेगाहरूले समाजमा दीर्घकालीन रूपमा नकारात्मक असर छोडिरहेका छन् । यस्तो थेगो बच्चाहरूले मात्रै नभई परिपक्व उमेरका मान्छेले समेत टिपेका हुनाले कतिको घर झगडाको कारण पनि बनिरहेको छ। यस्तै भयो *हिमाल खबरपत्रिका*मा कार्यरत एक सहकर्मी बस्दै आएको घरमा । कारण के थियो भने घरधनी श्रीमतीले श्रीमान्को नाम नै बेमान राखिछन् ।[८]

टयाँटयाँ र टुँटुँ गर्ने साउण्ड इफेक्ट हाल्दै हास्य कलाकारहरूले अस्वाभाविक रूपमा दौडेको वा जीउ मर्काएको, मुख बङ्ग्याएको आदि चर्तिकलाले पनि समाजमा नकारात्मक असर नै पारिरहेको छ । यस्तो कुराले केही मान्छेलाई त तत्कालको लागि हँसाउँछ । तर आफ्ना छोरा छोरीले समेत त्यही कुरा दोहोऱ्याउन थालेपछि चाहिँ भने उनीहरूलाई पनि दिक्क लाग्छ । तर कुनै वर्गविशेषको लागि नभई 'सबै' को लागि कमेडी गरेको भन्दै कलाकारहरूले यस्तै कुरा दोहोऱ्याइरहेका छन् । कलाकार लुनिभा तुलाधर यस्ता थेगोहरू प्रयोग हुनुमा कलाकारको भन्दा पनि दर्शक र श्रोतालाई बढी दोषी देख्छिन् ।[९] मानिसहरू जो रक्सी पनि 'का बेमान' को पिउँछन्, पानी पनि 'का बेमान' कै वाटर पम्पले तान्छन् र सुन पनि 'का बेमान' कै ब्राण्ड किन्छन्, तिनीहरूले नै कलाकारलाई यतातिर लाग्न उक्साइरहेका छन् । तुलाधरका अनुसार,"मन पर्दैन भने दर्शक श्रोताले त्यस्तो प्रस्तुति र कलाकारलाई अस्वीकार गर्न सक्नुपर्छ ।" उनको भनाइको आशय कलाकारले मन लागेको गर्न

---

[७] तुलाधरले २०६५ साउन २ मा मार्टिन चौतारी र सामाजिक संवादका लागि सहकार्य (एएसडी) द्वारा आयोजित अन्तर्क्रिया कार्यक्रम 'नेपाली टेलिभिजन : विचार र विश्लेषण' मा छलफलका क्रममा व्यक्त गरेको भनाइ ।

[८] नेपाल टेलिभिजनबाट प्रसारित टेलिशृङ्खला *तितो सत्य*को एक चरित्रले प्रयोग गर्ने थेगो हो बेमान ।

[९] तुलाधरसँग २०६५ जेठ १७ मा गरिएको कुराकानी ।

पाउनु पर्छ र छानेर हेर्ने काम दर्शकको हो भन्ने हो । तसर्थ मन नपरेको प्रस्तुति आउँदा दर्शकले च्यानल परिवर्तन गर्न सक्नु पर्छ ।

अभिनेता तथा टेलिशृङ्खला *जिरे खुर्सानी*का निर्देशक जितु नेपालको भनाइ पनि तुलाधरसँग मिल्दोजुल्दो छ । कलाकार नेपाल भन्छन्, "दाई शिवहरिले *जिरे खुर्सानी*मा प्रयोग गरिरहनु भएको थेगो 'मुखाँ हान्नु जस्तो' राजदरबारले समेत नरुचाएको भनाइ आयो तर हामीले हटाएनौं । किन पनि भने हामीले सबैको लागि कमेडी गरिरहेका हौं, कहिल्यै काठमाडौं नै नदेखेकाका लागि समेत ।"[१०] सरसर्ती हेर्ने हो भने कलाकार तुलाधर र नेपालको भनाइ सत्य लाग्न सक्छ । उनीहरूले त आ-आफ्नो कलाको व्यापार गरिरहेका छन् र भन्न सक्छन् कि "मन पर्दैन भने नहेर । हामीले अरू मन पराउनेका लागि गरेको हो ।" तर गहिरिएर सोच्नुपर्ने कुरा चाहिँ के हो भने कलाकारहरूलाई त्यसो भन्न छुट छ कि छैन ? कलाकारको सामाजिक दायित्व हुन्छ कि हुँदैन ? अझ राज्यको टेलिभिजनको सामाजिक दायित्व के हो ? यहाँनेर कलाकार मनोज गजुरेलको भनाइ सान्दर्भिक हुन्छ । उनी भन्छन्, "मानौं हाम्रो समाजलाई जरो आएको छ रे । उनीहरूलाई त्यस्तो बेलामा अमिलो पिरो बढी खान मन पर्दो हो । तर समाजका डाक्टर मानिने हामी कलाकारले विचार गर्नुपर्ने होइन ? के दिनु ठीक हुन्छ, के दिनु हुँदैन भनेर ?"[११] गजुरेलले भने जस्तै नेपाली टेलिभिजनको हास्यमा गैर जिम्मेवारीपना सबैभन्दा ठूलो समस्या देखिन्छ । समाजशास्त्री सुरेश ढकालको शब्दमा "नेपाली टेलिभिजनमा कमेडी होइन, खिसिटिउरी भइरहेकोछ ।" उनी भन्छन्, "अर्काको उछित्तो काढेर रमाउने प्रवृत्ति हो यो ।"[१२]

हास्य शृङ्खलाहरूले नकारात्मक कुराहरू मात्र पस्किरहेका छन् भन्न खोजिएको भने पक्कै पनि होइन । धेरैजसो समसामयिक राजनीतिक घटनाक्रमबारे टिप्पणी गर्दै यस्ता टेलिशृङ्खलाहरूले दर्शकलाई निकै हदसम्म जागरुक पनि बनाएका छन् । केही नभए पनि दर्शकले मनोरञ्जन पनि पाएकै छन् । तर सतही रूपमा तत्कालको लोकप्रियताको लागि गरिने टिप्पणी राखिएका हास्य शृङ्खलाले नकारात्मक असर समेत सिर्जना गरिरहेका छन् । यहाँ यो लोकप्रिय विधाको सदुपयोग हुन नसकेको भन्ने चिन्ता मात्रै व्यक्त गरिएको हो ।

---

[१०] नेपालसँग २०६५ साउन १ मा गरिएको कुराकानी ।

[११] गजुरेलसँग २०६५ वैशाख ३० मा गरिएको कुराकानी ।

[१२] ढकालसँग २०६५ साउन १४ मा गरिएको कुराकानी ।

## हास्यमा रोदन

दुई दशक लामो टेलिभिजन करिअरमा अभिनेता सन्तोष पन्तले दुई सयभन्दा बढी फरक खालका चरित्रहरू निर्वाह गरेका छन् । एउटा कलाकारका लागि यो उच्च उपलब्धि हो । विश्वमा निकै कम कलाकारलाई मात्र त्यस्तो सफलता मिलेको छ । तर उनले कीर्तिमान राख्नका लागि गरेका थुप्रै चरित्रले केही दर्शकलाई हँसाउनुको सट्टा रुवायो र आक्रोशित बनायो भन्नेबारे उनले कहिल्यै सोचेनन् ।

अभिनेता पन्तले *तिमी एक्लो छैनौ* नामक टेलिशृङ्खलामा गरेको सुस्त मनस्थितिको चरित्रलाई शिक्षा विभागका गणेश पौडेलले सायद अझै बिर्सन सकेका छैनन् । सम्झँदा जहिले पनि उनलाई बिझाउँछ त्यसले । पौडेल भन्छन्, “कलाकार पन्तले त्यस टेलिशृङ्खलामार्फत समाजमा पहिलेदेखि नै हेपिएका सुस्त मनस्थितिका युवकहरूलाई झनै हेपेका थिए, हाँसोको पात्रको रूपमा उनीहरूलाई उडाएर ।”[१३] पन्तले *तिमी एक्लो छैनौ*बाट मूल रूपमा दिन खोजेको सन्देश एकदमै सकारात्मक नै थियो । उनले अपाङ्गहरूलाई सहानुभूति र आत्मबल नै दिन खोजेका थिए । तर दर्शकलाई हँसाउनका लागि मसलाको रूपमा प्रयोग भएका शब्द एवं दृश्यमाथि पौडेलको आपत्ति हो । त्यसो त पन्तसँग अपाङ्ग मात्रको चित्त दुखाइ छैन, महिला, मधेसी, नेवार, तामाङ, आदि थुप्रै समूह र समुदायको मन बिझाएका छन् पन्तका ‘सफल’ भूमिकाहरूले ।

अस्मिताले गरेको अध्ययनको क्रममा महिलाहरूले सन्तोष पन्तको कार्यक्रम राम्रो हुँदाहुँदै पनि महिलाहरूलाई धेरैजसो झगडालु र मूर्ख पात्रको रूपमा देखाइने हुँदा आपत्तिजनक भएको बताएका थिए । सन्तोष पन्तको कार्यक्रम आएपछि भात खाँदखाँदै पनि उठेर आउने महिलाहरू भन्छन्, “सन्तोष पन्तले कार्यक्रममा स्वास्नीले लोग्नेको खुट्टा दबाउन लगाएको जस्ता दृश्यहरू देखाउनै हुँदैन । त्यो एकदमै आपत्तिजनक कुरा हो” (अस्मिता २०५९ : ४६) । तर यसरी टेलिशृङ्खलामा महिलालाई होच्याउने काम अझै रोकिएको छैन । छिमेकी घरबाहिर जानेबित्तिकै एकले अर्काकी श्रीमती ताक्न गइहाल्छन् टेलिशृङ्खलाका विभिन्न पात्रहरू । मावली हजुरआमालाई नातीले हेप्ने सन्देश *तितो सत्य*ले दिएको छ भने *जिरे खुर्सानी*ले महिला पात्रको नाम नै हात्ती राखेर महिलालाई हास्यको पात्र बनाएको छ ।

महिलापछि हाँसोमा उडाउन रुचाइएको अर्को विषय हो, गैर नेपालीभाषीको नेपाली बोली । चाहे नेवार होस् या मधेसी या शेर्पा, उनीहरू हाँसोको पात्र बन्दै

[१३] पौडेलसँग २०६५ साउन १ मा गरिएको कुराकानी ।

आएका छन् किनभने उनीहरू नेपाली भाषा शुद्धसँग बोल्न सक्दैनन् । पत्रकार भरत शाक्य भन्छन्, "सबै नेपालीहरूले एकै किसिमले नेपाली बोल्न सम्भव नै छैन । गैर नेपाली मातृभाषीले नेपाली बोलेको फरक सुनिनु स्वाभाविक हो । त्यस कुरालाई हास्यमा प्रयोग गर्दा कम्तीमा अब सोचिनु पर्छ ।"[१४] गैर नेपालीभाषीलाई हास्यको पात्र बनाउने शृङ्खलाको सुरुआत कसले गऱ्यो, यसै भन्न गाह्रो छ । तर अग्रज सन्तोष पन्तले नेपाली सेनाको 'समावेशी' टेलिशृङ्खलामा धनीराम यादवको भूमिका गर्नु त्यही परम्पराको पछिल्लो कडी हो । हास्य कलाकारहरूले गैर नेपालीभाषीको चरित्र गर्न एकदमै मन पराउनुको प्रमुख कारण हो, त्यो चरित्रले बोल्ने नेपाली भाषा शुद्ध नहुनु । नेपाली भाषा नजान्नुलाई हाँसोको विषय बनाउने प्रवृत्ति अत्यधिक छ ।

एकचोटि *हिजो आजका कुरा*मा कलाकार सन्तोष पन्तले नेवारभाषी चरित्रको भूमिका गरिरहेको बेला उनी एउटा भोजमा गएका थिए । त्यहाँ उनले भाषा बिगारेको भन्ने आरोपसहित नराम्रोसँग खप्की खानु पऱ्यो । तर उनले यसबारे तर्क गरे, "मैले नराम्रो, चोट्टा बाहुनको पनि चरित्र निभाएको छु । त्यति बेला चाहिँ मलाई गाली नगर्ने । म त कलाकार हुँ । मैले जस्तो भूमिका पनि गर्न पाउनु पर्छ । अब उनीहरूको लवज जस्ताको तस्तै त कहाँ उतार्न सकिन्छ र ?"[१५] कलाकार पन्तले अरूको बोलीलाई उडाउने कुरालाई गम्भीरतापूर्वक हेरेको देखिँदैन । उनले भाषा बिगारेर बोल्दाको रमाइलो मात्र देखेका छन् । त्यसको नकारात्मक पक्षलाई ध्यान दिएका छैनन् ।

बोली बिगारेर बोल्ने प्रचलनले समाजमा पारेको प्रभावबारे एउटा सन्दर्भमा म पनि जोडिएको छु । २०६४ कात्तिकको कुरा हो, म समेत निर्देशनमा संलग्न रहेको रेडियो नाटक शृङ्खला *कथा मीठो सारङ्गीको*[१६] प्रसारण सुरु हुनुपूर्व हामीले प्रतिक्रियाका लागि केही विशेष श्रोताहरूलाई सुनाएका थियौँ । पहिलो सुनाइमा श्रोताले हाम्रो सातो खाए । उनीहरूको चित्त नबुझेको कुरा सुनेर मलाई त उदेक लाग्यो । जनकपुरको कथामा बनेको उक्त नाटकका पात्रहरूको बोली मधेसीजस्तो नलागेको उनीहरूको तर्क थियो । म स्वयं मधेसी । अनि रेडियो नाटक स्टुडियोभित्र रेकर्डिङ गरिने परम्पराविपरीत पहिलो पटक कथाअनुसारकै

---

[१४] शाक्यसँग २०६५ असोज १६ मा गरिएको कुराकानी ।

[१५] पन्तसँग २०६५ जेठ १० मा गरिएको कुराकानी ।

[१६] यो रेडियो नाटक शृङ्खला बीबीसी वर्ल्ड सर्भिस ट्रस्टले नेपालको शान्ति प्रक्रियालाई सघाउने हेतुले उत्पादन गरेको हो ।

ठाउँमा गएर स्थानीय मधेसी कलाकारलाई नै लिएर हामीले नाटक बनाएका थियौँ । त्यसले गर्दा झनै ती 'विद्वान' मित्रहरूको कुरा सुनेर छक्क परेको थिएँ म । नाटक प्रसारण गर्ने एफएम रेडियोका सञ्चालकहरू समेतले धेरै पछिसम्म त्यही गुनासो गरिरहेका थिए । वास्तवमा भन्ने हो भने उनीहरूलाई रामविलास र धनियाँ[१७] को जस्तो या सन्तोष पन्तले धेरै ओटा कार्यक्रममा बोलेको जस्तो भाषा मधेसका चरित्रले बोलेको सुन्ने बानी परिसकेको थियो ।

हास्यमा भाषाको कुरा गरिरहँदा ईमेज च्यानलबाट प्रसारणमा रहेको *ख्वताबजी*लाई सम्झनु पर्छ । हास्य शृङ्खलाहरूले भाषा बिगारेर हास्य सिर्जना गर्न खोजिरहेको सन्दर्भमा *ख्वताबजी*ले नेपाल भाषामै दुई सयभन्दा बढी भागको शृङ्खला पार गरिसकेको छ र यो निकै सफल पनि छ । नेपाल भाषाको प्रवर्द्धनमा यसले धेरै नै सघाउ पुऱ्याएको मान्छन् पत्रकार भरत शाक्य ।[१८] उनीहरूको प्रस्तुतिमा हँसाउनकै लागि मात्र प्रयोग गरिने सस्तो संवाद पनि एकदमै कम छ ।

## प्रसारण संस्था दोषी

२०६४ भदौमा वादीहरूले काठमाडौँमा आन्दोलन गरिरहँदा *जिरे खुर्सानी* (नेपाल टेलिभिजन) र *पोस्ट मार्टम* (कान्तिपुर टेलिभिजन) जस्ता कार्यक्रमले एकदमै गैरजिम्मेवार प्रस्तुति गरे । आफ्ना मागप्रति सरकारको ध्यानाकर्षण गर्न वादीहरूले अर्धनग्न प्रदर्शन गरेका थिए । तर ती कार्यक्रमले अब त मोडेलहरूलाई शरीर देखाउन पैसा किन दिने, वादी महिलाहरू छँदैछन् भन्ने आशय व्यक्त गरेका थिए । यस सन्दर्भमा डा. रेणु राजभण्डारी लेख्छिन् :

> कान्तिपुर टेलिभिजन र नेपाल टेलिभिजनले पछिल्ला दुई हप्तामा प्रसारण गरेका दुई कार्यक्रम *पोस्टमार्टम* र *जिरे खुर्सानी* हेरेपछि केही नलेखी रहन सकिनँ । यी कार्यक्रमको प्रस्तुति, भाषा र शैलीले नेपाली सञ्चारमाध्यमभित्र पितृसत्तात्मक सोच र सामन्तवादी संस्कार (खासगरी अरूको शरीरलाई एउटा विषयको रूपमा हेर्ने चिन्तन) कति बलियो रहेछ भन्ने देखाउँछन् । ...त्यसले महिलाहरूले आफ्नो अधिकारका लागि जे गरुन्, हामी आँखा बन्द गरेर सत्तामा बसिरहन्छौँ भन्ने सरकारी चिन्तनलाई बल दियो (राजभण्डारी २०६४ : ५४) ।

---

[१७] रामविलास र धनियाँ केही वर्षअघि रेडियो नेपालबाट प्रसारित कार्यक्रममा दीपकराज गिरी र दीपाश्री निरौलाले निर्वाह गरेका मधेसी चरित्र हुन् ।

[१८] शाक्यसँग २०६५ असोज १६ मा गरिएको कुराकानी ।

अपरिपक्वता अधिकांश हास्य कलाकारको अर्को ठूलो समस्या हो । गम्भीर राजनीतिक विषयमा पनि एकदमै हल्का टिप्पणी गर्ने गरेका उदाहरण खोजे जति पनि भेटिन्छन् । जस्तै, *जिरे खुर्सानी*को २०६५ साउन १६ गतेको अङ्कमा पोखराको परोपकार प्रसुति गृह अगाडि दुई पात्रबीच भएको यो संवाद हेरौँ,

"आज बिहान यहाँ कुनै बच्चा जन्मेको छ ?"
"किन ?"
"राष्ट्रपति बनाउन ।"
"बच्चा राष्ट्रपति हुन सक्छ ?"
"अहिलेसम्म कोही राष्ट्रपति हुन सकेन ।"
"बच्चा चाहिँ किन ?"
"नयाँ अनुहार चाहियो ।"

यस्तो अपरिपक्व र गैरजिम्मेवार टिप्पणीबाट तत्कालका लागि दर्शक हँसाउन सकिए पनि यसले अन्ततोगत्वा नकारात्मक असर नै पुऱ्याउँछ । २०४६ को राजनीतिक परिवर्तनयता नेपालीलाई प्रजातान्त्रिक व्यवस्थाप्रति नै वितृष्णा आएको थियो र यसमा सञ्चारमाध्यमले गरेका यस्तै सतही र गैरजिम्मेवार टिप्पणीहरूको पनि भूमिका थियो । सञ्चारकर्मी केदार शर्मा तर्क गर्छन्, "सरकारका गल्तीहरू औँल्याउनु सञ्चारमाध्यमको काम हो । तर उत्तरदायी सञ्चारकर्मीले आफ्नो देशको सरकारलाई अपमान गर्नु र खिल्ली उडाउनुअघि धेरै विचार पुऱ्याउनु पर्छ । खास गरी सरकारी सञ्चारमाध्यमले त यो काम गर्नै हुँदैन ।"[१९] कलाकार मनोज गजुरेल पनि सिङ्गै राजनीतिक पद्धतिलाई गाली गर्न हुँदैन भन्ने तर्क राख्छन् ।[२०] सञ्चारकर्मी शर्मा प्रश्न गर्छन्, "राज्यबाट चलेको संस्थाले राज्यलाई नै अर्थ न बर्थका कुरा गरेर घिन लाग्दो गरी उडाएको किन ?" निर्देशक उमेश अर्याल नेपाल टेलिभिजनबाट जनताको भावना मुखरित हुनुपर्छ भन्ने तर्क राख्छन् ।[२१] अर्का सञ्चारकर्मी धिरेन्द्र प्रेमर्षि भन्छन्, "राज्यले नै पैसा खर्चेर एकखाले जनतालाई हाँसोको पात्र बनाई अपमान गर्दैछ, जसले झन् विभेद

१९ शर्मासँग २०६५ असार १४ मा गरिएको कुराकानी ।

२० गजुरेलसँग २०६५ वैशाख ३० मा गरिएको कुराकानी ।

२१ अर्यालले २०६५ साउन २ मा मार्टिन चौतारी र सामाजिक संवादका लागि सहकार्य (एएसडी) द्वारा आयोजित अन्तर्क्रिया कार्यक्रम 'नेपाली टेलिभिजन : विचार र विश्लेषण' मा छलफलका क्रममा व्यक्त गरेको भनाइ ।

बढाउन सहयोग पुऱ्याउँदैछ ।"[२२] सञ्चारकर्मी प्रेमर्षिले महिला, मधेसी, जनजाति र अपाङ्गलाई हाँसोको पात्र बनाइएका सामग्री राष्ट्रिय टेलिभिजनबाट प्रसारित भइरहेको सन्दर्भलाई जोड्दै यस्तो भनेका हुन् ।

## हास्य चेत

त्यसो त अरूको दुःखमा हाँस्ने हाम्रो समाजको हास्य चेत पनि विकृत छ । समाजशास्त्री सुरेश ढकालले भनेको जस्तो अरूको उछित्तो काढेर रमाउने प्रवृत्ति हामीकहाँ छ । सामाजिक मनोविज्ञान नै त्यसरी बनेको छ । *कामना* पत्रिकाले सफल हास्य कलाकारका विशेषताहरूको बारेमा गरेको वर्णनले समेत यही कुरा पुष्टि गर्छ । नेपाली चलचित्रहरूमा एकदम पुड्को एवं सानो हास्य कलाकारका रूपमा अग्ला कलाकारहरूको टाङमुनि छिर्दै हँसाउने कलाकारको नाम हो लोकनाथ ढकाल । उनलाई प्रकृतिले दिएको तीन फिटको शरीरले सबैलाई कुतकुती लगाइदिन्छ (स्मृत र गिरी २०५२) । तर यसलाई कलाकारले हाँसोको माध्यम बनाउन हुने कि नहुने ? नेपाली एक हास्य कलाकारबारे श्याम स्मृत र विदुर गिरी (२०५२) लेख्छन्, "गोपाललाई उनको शारीरिक बनोटले पनि हास्य बाल कलाकार बन्न सघाएको छ । जस्तो कि उनको उचाइको वृद्धिमा अस्वाभाविक रूपले बाधा पुग्नु र चेप्टो अनुहार, उछिट्टेको दाँतले उनी साँच्चै नै जोकर लाग्छन् ।" लोकनाथ र गोपालको अस्वाभाविक शरीरिक बनोट हाँसोको विषय हो भन्ने धारणा स्मृत र गिरीको पाइन्छ । यो साह्रै दुःख लाग्दो कुरा हो ।

मानिएका कलाकारहरू मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य समेतले यस्तै फरकखाले शारीरिक बनोटलाई उडाउँदै आएको पाइन्छ । चाहे त्यो *कान्तिपुर, लालपुर्जा* या अरू कुनै सिरियल होस्, उनीहरूले अधिकांशमा अस्वाभाविक शारीरिक बनोट र हाउभाउ भएको भूमिका गरेका छन् । दातृ निकायको पैसामा 'ज्ञान' बाँड्नका लागि भनी बनाइएको *मदनबहादुर हरिबहादुर* टेलिशृङ्खलामा समेत तीन/तीन ओटा चरित्रहरू असामान्य छन् । मदनबहादुरको आँखाको छेउमा मासुको फोको पलाएको छ, अझ उनी कानै सुन्दैनन् । हरिबहादुर सामान्य किसिमले न बोल्न जान्दछन्, न त हाँस्न नै । अर्को मदनदास श्रेष्ठले अभिनय गरेको एउटा बुढो चरित्र छ जसले महिलाहरूको कुरा सुन्नेबित्तिक्कै बेसरी खितखिताउन थाल्छ ।

---

[२२] प्रेमर्षिसँग २०६५ असार ५ मा गरिएको कुराकानी ।

“हाम्रो सिकाइमै समस्या छ”, समाजशास्त्री सुरेश ढकाल भन्छन्, “हामीलाई आलोचनात्मक हुन नै कहिल्यै सिकाइएन । मेख मार्न, होच्याउने गरी भन्न तर्क र अध्ययन दुवै चाहिँदैन । हामी सजिलो काम गर्छौं र त्यही सस्तो कुरा लोकप्रिय पनि भइहाल्छ । किनभने गहन प्रस्तुतिले दर्शकमा पनि निश्चित चेतनाको अपेक्षा गर्छ ।” हास्य मात्र होइन, नेपाली साहित्यको विक्रीलाई समेत नियाल्ने हो भने समाजशास्त्री ढकालकै कुरालाई नै बल मिल्छ । युधिर थापाका जस्ता ‘सेक्सी’ उपन्यासकै विक्री अधिक हुन्छ । पत्रिकामा पनि तुलनात्मक रूपमा *जनआस्था* वा कान्तिपुर पब्लिकेसन्सको *साप्ताहिक* धेरै विक्री हुनेमा पर्छन् । तर यिनीहरूको प्रस्तुति, उठाउन खोजेको विषय गम्भीर हुँदैनन् । यसरी हेर्दा हामीलाई जहिले पनि सस्तो, हल्काफुल्का कुरा मन परेको देखिन्छ । यो किन पनि होला भने हामी बन्द समाजमा हुर्क्यौं । घर, स्कुल, कार्यालय सबैतिर हामीले दबिएर हुर्कनु पऱ्यो । राज्य व्यवस्थाले नै हामीलाई धेरै वर्ष दबाएर राख्यो । अझै त्यस्तै छ स्थिति ।

मेरै आफ्नै अनुभव यस्तै छ । मेरो कालो वर्ण सधैँ साथी र सरहरूलाई हाँसोको विषय बनिरह्यो । मेरो कानुनी नाम (हरिनारायण प्रसाद गुप्ता) समेत उनीहरूलाई हाँसोको विषय बन्ने गर्थ्यो । किन हो कुन्नि, सरहरूलाई यो नामले स्वर बिगारीबिगारी मलाई बोलाउँदा रमाइलो लाग्थ्यो र मेरा कक्षाका साथीहरू समेत हाँस्न पाउँथे । यसले मलाई यतिसम्म प्रभाव पाऱ्यो कि मैले सार्वजनिक रूपमा यो नामको प्रयोग नै बन्द गरेँ । अहिले मेरा कमै साथीलाई मेरो वास्तविक नाम हरिनारायण प्रसाद गुप्ता हो भन्ने थाहा होला । कलाकार लुनिभा तुलाधरको अनुभव पनि यस्तै छ । कान्तिपुर टेलिभिजनमा *पोथी बास्यो* नाम दिएर हास्य टेलिशृङ्खला बनाइरहँदा जहिले पनि उनको पटकथा लेखकलाई संवादमा लुनिभा मोटो भएको विषय बरोबर उठाउनैपर्ने हुन्थ्यो ।[२३] त्यसैले पनि मलाई लाग्छ अरूको दुःखमा हाँस्ने हाम्रो समाजको हास्य चेतमै समस्या छ । तर यसो भन्नु भनेको समाजशास्त्रको दृष्टिकोणमा पीडितलाई नै आरोप लगाएर उम्कनु भएको तर्क गर्छन् समाजशास्त्री सुरेश ढकाल ।

## समाजका डाक्टर

बलिउडको सिनेमाबाट आसरानी, जोनी लिभर, कादर खानहरू हराएर गए । डेबीड धवनहरूको इण्डस्ट्री नै बन्द हुने स्थितिमा छ । आज त्यहाँको हास्यमा ‘मुन्ना भाइ’ हरूको राज छ । साँच्चै भन्ने हो भने हिन्दी सिनेमाको कमेडीले

---

[२३] तुलाधरसँग २०६५ जेठ १७ मा गरिएको कुराकानी ।

आफ्नो रङ्ग फेर्न थालेको छ । अब त्यहाँ चलचित्रमा हाँस्ने सेग्मेन्ट छुट्टयाएर राख्ने चलन कम हुँदैछ । *लगे रहो मुन्ना भाइ* यो शृङ्खलाको पछिल्लो राम्रो उदाहरण हो । यहाँ यो कुरा किन गरिएको हो भने हाम्रा कलाकारहरूको जहिले पनि एउटै गुनासो हुने गर्छ, "दर्शकले नै त्यस्तै रुचाउँछन् त, हामी के गरौं । हामी त दर्शक हँसाउन आएका हौं ।" दीपकराज गिरी (२०६०) भन्छन्, "दर्शक हाँस्न छोडेमा रुने पालो मेरो ।" तर सत्य त्यस्तो हुन्थ्यो भने बलिउडको हास्यमा परिवर्तन सम्भव थिएन ।

कलाकार सर्जकसँग दर्शकको रुचि बदल्ने क्षमता हुन्छ । कलाकार मनोज गजुरेलको भाषामा भन्ने हो भने कलाकार समाजका डाक्टर हुन् । डाक्टरले बिरामीले जे माग्यो त्यो दिनुहुन्न । उनीहरूलाई जे चिजले निको पार्न सक्छ त्यो दिनु ठीक हुन्छ । समाजशास्त्री ढकालको विचार पनि मिल्दो जुल्दो छ । उनी भन्छन्, "सर्जकले हस्तक्षेपकारी भूमिका निर्वाह गर्न आँट गर्न सक्नु पर्छ ।" चलचित्र र टेलिशृङ्खला लोकप्रिय माध्यम हुन् । राजा महेन्द्रदेखि माओवादीसम्मले यसको पूर्ण उपयोग गर्न खोजेका छन् । संस्थापनाको चरित्र जहिले पनि यस्तै हो, उसले जहिले पनि लोकप्रियताको फाइदा उठाउन खोज्छ । संस्थापनाले जनता सचेत होस् भन्ने कहिल्यै चाहेको देखिँदैन । जनतामा आलोचनात्मक क्षमताको विकास होस् भन्ने कहिल्यै चाहँदैन । यस्तो अवस्थामा सर्जकले हस्तक्षेप गर्न आँट गर्न सक्नुपर्ने हो । तर अहिलेको टेलिशृङ्खला निर्माण प्रक्रियामा यस्तो गुञ्जायस हुँदैन । जनतालाई सचेत गराउनका लागि पहिला आफैँ सचेत हुनु जरुरी छ । अहिलेको जस्तो अभिनय, लेखन र निर्देशन समेत एकै जनाले गरेर हरेक हप्ता ३० मिनेटको एउटा भाग निर्माण गर्ने शैलीभित्र खासमा अध्ययनको लागि समय नै बच्दैन ।[२४] अरूका विचार पढ्ने र त्यसको विश्लेषण गर्ने या कुनै विषयमा अध्ययन अनुसन्धान गर्ने समय नै हुन्न । त्यसैले गर्दा सतही धारणाको आधारमा सस्तो खिसिटिउरी भइरहेको छ, कमेडी पटक्कै होइन । यहाँ अरूको खिल्ली उडाएर रमाउने काम बढी मात्रामा भइरहेको छ । त्यसैले यसबाट मुक्ति पाउन आवश्यक छ ।

## निष्कर्ष

हाँसो सबैलाई मन पर्छ । हँसाउन पनि रमाइलै हुन्छ । हाँस्ने र हँसाएर मनोरञ्जन गर्ने प्राणी मानिसको हास्य कलाको लामो इतिहास र महत्त्व छ । टेलिभिजनको

---

[२४] अहिले निर्माण भइरहेका *जिरे खुर्सानी, तितो सत्य, मेरी बास्सै* लगायत प्राय: टेलिशृङ्खलाहरूमा एउटैले लेख्न, निर्देशन गर्न र अभिनय समेत गर्न भ्याएको देखिन्छ ।

आगमनपछि हास्य कलाकारिताले व्यावसायिकता पनि पाएको छ। यसको लोकप्रियता, प्रतिष्ठा, आम्दानी, सबै बढेको छ जुन खुशीको कुरा हो। तर हास्य कलाकारहरू र हास्य कलालाई प्रस्तुत गर्ने प्रसारण संस्थाले बुझ्नुपर्ने कुरा के हो भने कलाकारहरूले प्रस्तुत गर्ने हास्यव्यङ्ग्य कार्यक्रम 'जे बिक्छ त्यही बेच्ने' अनुत्तरदायी व्यापार होइन। यसका सामाजिक संहिता अवश्य नै छन्। अर्कालाई नहोच्याई, राज्य र समाजको उछितो नकाढी विभिन्न वर्ग र समुदायको मन नदुखाई हँसाउनु पो हँसाउनु।

समाजका घटनाक्रम र सामाजिक प्रवृत्तिहरूलाई विश्लेषण गर्न कलाकारहरूले सक्नै पर्छ। तिनलाई सतहमा बुझ्ने र त्यसैका आधारमा ती विषयलाई हास्य कार्यक्रममा प्रस्तुत गर्न जिम्मेवार कलाकार, लेखक र निर्देशकले मिल्ने कुरै होइन। अन्यथा हास्य कार्यक्रम र निम्न कोटीको मदिराको व्यापारमा कुनै अन्तर छ भनेर दाबी गर्ने अवस्थामा कोही रहँदैन। हामीकहाँ हास्य विधा निकै लोकप्रिय छ। यसलाई जिम्मेवार समेत बनाउन सकियो भने समाज निर्माणमा अवश्य नै सहयोगी सावित हुन सक्छ।

## सन्दर्भ सामग्री

अस्मिता। २०५९। *नेपाली महिलाहरूमा टेलिभिजनको प्रभाव*। काठमाडौं : अस्मिता महिला प्रकाशन गृह, सञ्चार तथा स्रोत संस्था।

गिरी, दीपकराज। २०६०। दर्शक हाँस्न छोडेमा रुने पालो मेरो। *घटना र विचार,* ३ वैशाख, पृ. ६।

घिमिरे, निलम। २०६५। कुरूप कमेडी। *नेपाल* १९ जेठ, पृ. ४९।

मल्ल, प्रचण्ड। २०३७। *नेपाली रङ्गमञ्च*। काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।

राजभण्डारी, रेणु। २०६४। वादी महिलामाथि पोस्टमार्टम र जिरे खुर्सानी। *हिमाल* भदौ १६-३१। पृ. ५४।

स्मृत, श्याम र विदुर गिरी। २०५२। हास्य महारथिहरू। *कामना हास्य कलाकार विशेषाङ्क* ९४ : ८-१५ र ३२-३६।

AC Nielsen. 2008. People's Media Preferences and KAP Survey in Nepal. Unpublished report.

Saksena, Gopal. 1996. Comedies—A Rarity. *Television in India: Changes and Challenges*. pp. 115-122. New Delhi: Vikas Publishing House.